घ. तल दिइएका शब्दहरु समास भए विग्रह र विग्रह भए समास गरी समासको नामसमेत लेख्नुहोस् ।

नदीकटान, पूजाका लागि कोठा, पाप वा पुण्य, कालीमाटी

४. तल दिइएका सङ्केतका आधारमा वाक्यान्तरण गर्नुहोस् । (४)

क. भाउजू क्यानडा .......... । (जा : अज्ञात भूत)

ख. घाम लागे न्यानो ........ । (हु : सङ्केतार्थ)

ग. मैले आकाशमा जून देखें । (कर्मवाच्य)

घ. म परीक्षा दिन्छु । (प्रेरणार्थक)

५. तल दिइएको वाक्यलाई पदसङ्गति मिलाई लेख्नुहोस् । (४)

तेरा भाइहरु कता गयो । बहिनीहरु पनि सँगै खेल्छ । बाले गाली गर्छ । दाइ पुस्तक पढ्यो ।

६. कोष्ठकको सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् । (४)

क. ऊ अनुशासित विद्यार्थी हो । (बहुवचन)

ख. म समाजसेवी हुँ । (सामान्य भूत)

ग. चरी भए आकाशमा उड्थैं । (अकरण)

घ. नजाने गाउँको बाटो सोध्नु हुँदैन । (मिश्र वाक्य)

ङ. प्रकाश खेतमा काम गर्छ । (प्रेरणार्थक)

च. भाइ त पढ्दा पढ्दै निदाएछ । (भाववाच्य)

छ. रुपकले रोजिनालाई चिठी पठायो । (कर्मवाच्य)

ज. बुबाले भन्नुभयो, "मुना, म चाँडै आउँछु ।" (अप्रत्यक्ष कथन)

७. दिइएका शब्दहरुको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् । (४)

हृदयरोग, बाउँडिनु, घमौरा, बाथ

८. दिइएको वाक्यलाई विश्लेषण गरी चारवटा सरल वाक्य बनाउनुहोस् । (४)

जब दिनेशले छिमेकी कथा पढ्यो तब साथीलाई सुनायो त्यसै गरी मन पर्ने कुराहरु कापीमा टिप्यो त्यसपछि टिपेको आधारमा जुन पुस्तक समीक्षा पत्रिकामा छाप्यो ।

९. तलको अनुच्छेद पढी अन्त्यमा सोधिएका प्रश्नहरुको उत्तर दिनुहोस् । (१२)

नवजात शिशुका लागि सबभन्दा राम्रो पोषण आमाको दूध हो । आमाको दूधमा शिशुलाई चाहिने सबै पोषण तत्त्वहरु पाइन्छ । शिशुलाई पाँच महिनासम्म आमाकै दूधले पुग्ने हुँदा अन्य ठोस आहारा आवश्यकता पर्दैन । तर सबै आमाको दूध बच्चालाई पुग्ने गरी नआउन पनि सक्दछ त्यसको विभिन्न कारणहरु हुन्छन् । छ महिनापछि बच्चालाई ठोस आहारा दिनुपर्छ । ठोस आहारा दिएतापनि दुई वर्षसम्म आमाको दूध खुवाउनु स्वास्थ्यको दृष्टिकोणले राम्रो मानिन्छ । बच्चा दुई वर्ष पुगेपछि परिवारको अन्य सदस्यले खाने खाना खान सक्ने हुँदा उसका लागि छुट्टै खानाको आवश्यकता पर्दैन ।

शिशु जन्मनासाथ नरम कपडाले पुछेर आमाको छालासँग छाला जोडेर आमाको छातीमा राख्नुपर्छ, जसले गर्दा बच्चालाई आफ्नो न्यानोपन कायम राख्न सहयोग गर्दछ । बच्चालाई सरसफाइमा अत्यन्त ध्यान दिनु पर्दछ जसले बच्चालाई संक्रमण हुनबाट बचाउँछ र बच्चाको वृद्धि विकास राम्रोसँग हुन पाउँछ ।

**प्रश्नहरु:**

क. शिशुलाई आमाकै दूध किन खुवाउनुपर्छ ?

ख. कुन उमेरमा बच्चालाई ठोस आहाराको आवश्यकता पर्दछ ?

ग. बच्चाको सरसफाइमा किन ध्यान दिनुपर्छ ?

घ. बच्चाको न्यानोपन कसरी बचाउन सकिन्छ ?

ङ. 'वृद्धिविकास' र 'पोषण' शब्दको अर्थ लेख्नुहोस् ।

च. माथिको अनुच्छेदको लागि उपयुक्त शीर्षक के हुन सक्छ ?

१०. प्र.नं. ९ को अनुच्छेदबाट मुख्य मुख्य चारवटा बुँदाहरु टिप्नुहोस् । (४)

११. प्राविधिक शिक्षाको परिचय र फाइदा जनाउँदै पढ्न सल्लाह दिँदै आफ्नो गाउँमा रहेका भाइलाई चिठी लेख्नुहोस् । (४)

१२. कुनै <u>एक</u> शीर्षकमा २५० शब्द नघटाई निबन्ध लेख्नुहोस् । (८)

क. वातावरण प्रदूषण र रोकथाम

ख. साइवर अपराधको रोकथाम

ग. देश निर्माणमा युवाहरुको भूमिका

१३. कुनै <u>दुई</u> प्रश्नको उत्तर दिनुहोस् । (२×४=८)

क. 'बहुलाकाजीको सपना' नाटकमा बहुलाकाजीले दिएका मुख्य चारवटा सिद्धान्तहरु के-के हुन् ? नाटकका आधारमा उल्लेख गर्नुहोस् ।

ख. 'रातभरि हुरी चल्यो' कथाले जीवनलाई कसरी परिभाषित गरेको छ ? कथावस्तुको आधारमा प्रष्ट पानुहोस् ।

ग. 'नेपालै नरहे' कवितामा कविले हिमाललाई हिउँ र तराईलाई सुन भनेर किन भनेका हुन् ? प्रष्ट पार्नुहोस् ।

१४. कुनै <u>एक</u>को स-प्रसङ्ग व्याख्या गर्नुहोस् । (४)

क. छिमेकी भनेको "जिउँदाका जन्ती र मर्दाका मलामी हुन् ।"

ख. उपकारी गुणी व्यक्ति निरहन्छ निरन्तर ।
फलेको वृक्षको हाँगो नभ्फुकेको कहाँ छ र ॥

***Good Luck !***

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**परीक्षा नियन्त्रण कार्यालय**

सानोठिमी, भक्तपुर

**नियमित/आंशिक परीक्षा २०८० मंसिर/पौष**

**कार्यक्रम:** स्वास्थ्य

**पूर्णाङ्क:** ८०

**वर्ष/खण्ड:** प्रथम वर्ष (२०१६)

**उत्तीर्णाङ्क:** ३२

**विषय:** नेपाली

**समय:** ३ घण्टा

---

*Candidates are required to give their answers in their own words as far as practicable. The figures in the margin indicate full marks.*

**सबै प्रश्नहरु अनिवार्य छन् ।**

१. तल दिइएका वर्णहरुको उच्चारण स्थान र प्रयत्नको आधारमा चिनाउनुहोस् । (४)

प्, द्, य्, ह्

**अथवा**

तल दिइएका शब्दहरुको अक्षर संरचना देखाई अक्षर सङ्ख्यासमेत लेख्नुहोस् ।

शिशिर, शिरीष, कलकल, नागरिक

२. शुद्ध गरी उत्तर पुस्तिकामा सार्नुहोस् । (४)

विस्वमा जनमदरको स्थितिलाई अवलोकन गर्दा विकशित र अल्पविकसित मुलुकहरुमा एसको स्थिति फरक फरक छ ।

३. तलका कुनै <u>तीन</u> प्रश्नको उत्तर दिनुहोस् । (३×४=१२)

क. रेखाङ्कित पदहरुको शब्दवर्ग ठम्याउनुहोस् ।

<u>हरि</u> <u>र</u> उमा मामा<u>सित</u> मामाघर <u>जान्छन्</u> । <u>उनीहरु</u> त <u>त्यहाँ</u> पुगेर बाल्यकालीन साथी अनिललाई <u>भेट्दा</u> खुसी <u>भएछन्</u> ।

ख. तलका उपसर्ग र प्रत्यय लगाई एक/एक शब्द निर्माण गर्नुहोस् ।

उपसर्ग : उप, परि, अनु, सु

प्रत्यय : अक्कड, औरो, ता, इलो

ग. तल दिइएका शब्दहरुको प्रकृति प्रत्यय छुट्याउनुहोस् ।

कोसे, हिमालय, नैतिक, आफन्त, पौराणिक, सुशासन, घरघर, आलोपालो

कृ.उ.प. ......